केदारस्युँ गाउँपालिका
कार्यालय देउरा, बझाङ
आलेप, काशस्थी
देउरा, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल
९८५८४५४८३५

पत्र सं. २०८०।८१
चलानी नं.: ९८३

मिति: २०८०।५।१८

श्री अध्यक्ष ज्यू,
केदारस्युँ गाउँपालिकाको कार्यालय
देउरा, बझाङ ।

विषय : आन्तरीक लेखापरीक्षण प्रतिवेदन पेश गरेको सम्वन्धमा ।

उपरोक्त सम्वन्धमा त्यस कार्यालयको आ व २०७९।८० को तपसिल बमोजिमको कार्यक्रमको आर्थिक विवरण तथा सो संग पेश भएसम्मको श्रेष्ताहरुको परिक्षण सम्पन्न गरी तयार गरिएको पाना को प्रतिवेदन यसै साथ छ । प्रतिवेदनमा उल्लेखित व्यहोराका सम्वन्धमा प्रचलित कानून बमोजिम असूल भई रु १४२०२२ बरावरको प्रमाण पेश भएकोमा सो को प्रमाण संलग्न राखि लगत कट्टा गरि अन्तिम लेखापरीक्षणको लागि समेत पेश भएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

गिरीराज उप्रेती
आन्तरीक लेखापरीक्षक

तपसिल :
१ गा पा चालु शिर्षक
२ सशर्त चालु शिर्षक
३ सशर्त पूजिगत शिर्षक
४ गा पा पूजिगत शिर्षक
५ आन्तरीक राजश्व

वोधार्थ :
श्री महालेखा परीक्षकको कार्यालय, बबरमहल काठमाडौं ।

CamScanner

<table>
<tr><th>छ द प त्र</th><th>भौचर नं</th><th>भौचर मिति</th><th>व्यहोरा</th><th>असूल रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>तलवी प्रतिवेदन :
निजामति सेवा ऐन, २०४९ को दफा ७ ख २ बमोजिम तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानि गर्नुपर्नेमा पालिकाले विभिन्न शाखामा कार्यरत स्थायी कर्मचारीहरूको तलबी प्रतिवेदन पास नगरिकनै खर्च लेखेको छ । तलवी प्रतिवेदन पारित गरेर मात्रै खर्च लेख्नुपर्ने ।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>मनोसामाजिक बिमर्सकर्ता :
सु प प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ मा पदाधिकारीले न्यायिक सहजकर्ता राख्न पाउने व्यवस्था गरेको छैन । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको दरबन्दी भन्दा फरक पदमा कर्मचारी राख्न नहुने उल्लेख गरेको छ । आ व २०७७।७८ को म ले प ले पनि उक्त नियुक्ति गर्न नहुने विषय उल्लेख गरेको छ । तर पनि यस वर्ष कार्यालयले प्रत्येक वडामा १/१ जना गरि ९ जना मासिक ८००० तलब सुविधा पाउने गरि नियुक्ति गरेको देखियो । यसरी कानूनले व्यवस्था गरेभन्दा फरक पदमा कर्मचारी नियुक्ति गरि सरकारमाथि आर्थिक व्ययभार बढाउने कार्य तत्काल वन्द हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>आन्तरीक आय : स्थानीय सरकार सन्वालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले रू ६० लाख राजश्व अनमान गरेकोमा रू ३६६७६६३ संकलन भएको देखिन्छ । उक्त रकम अनुमानभन्दा रू २३३२३३७ ले कम हो ।</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>कम राजश्व दाखिला : आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(२) अनुसार आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला हुन नआएमा सम्बन्धित तालुक कार्यालय वा विभागिय प्रमुखले दश दिन सम्म दिलो गरेको भए दाखिला गर्न बाँकि रकम र सो रकमको दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाइ कसुरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागिय कारवाहि समेत गर्ने गराउने उल्लेख छ । तपसिल बमोजिमका वडा कार्यालय बाट संकलित राजश्व कम दाखिला भएको पाइयो । उक्त रकम तत्काल दाखिला हुनुपर्दछ ।

वडा नं | सचिवको नामथर | रकम
७ | जंग बहादुर धामी | ६०७</td><td>६०७</td></tr>
<tr><td></td><td></td><td></td><td>ससर्त चालु</td><td></td></tr>
<tr><td>५</td><td>३</td><td>२०७९।६।१०</td><td>बढी तलब भुक्तानि
निजामती सेवा ऐन, २०४९ को परिच्द ५ को दफा २७ (१) मा निजामति कर्मचारीले आफ्नो पदमा बहाली गरेको दिनदेखि तलब भत्ता पाउनेछ । छ भन्ने व्यवस्था गरेको छ । गाउपालिका अन्तर्गतका विभिन्न स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीको तलब भत्ता भुक्तानि गर्दा बदी भुक्तानि भएको रकम सम्बन्धित कर्मचारीवाटै असूल हुनुपर्ने ।</td><td>४५१९५६१२</td></tr>
</table>

नामथर	बढी तलब र चाडपर्व खर्च	बढी ग्रेड	बढी संचयकोष	कात्तिकमा घटाइएको	जम्मा
निर्मला कुमारी ओली	७६७८	१०९८	४०५८।४०	८०९४	४७४०।४
ओम प्रकाश जोशी	७६७८	१०९८	४०५८।४०	०	१२८३४।४०
धन बहादुर थापा	९८००				९८००
प्रेम बहादुर भण्डारी	५७४७				५७४७

४९	२०७९।९।२५	**बढी तलब भुक्तानी** गा पा स्वास्थ्य संस्थामा कार्यरत तपसिल बमोजिमका कर्मचारीहरुको स्तरवृद्धि हुदा छुट बापतको रकम बढी भुक्तानी भएको । सम्वन्धितबाट असूल हुनुपर्ने	१५५५६३।३१

नामथर	स्तर वृद्धि पछिको पद	बढी भुक्तानी भएको रकम
दुर्गा कुमारी शाहि	सि अ न मी पाँचौ	४८०७५।२१
नवराज जोशी	सि अ हे व पाँचौ	५७३२५।४१
कमल कुमार मल्ल	सि अ हे व पाँचौ	५०१६२।६९
जम्मा		१५५५६३।३१

६५	२०७९।१०।२८	**मू अ कर समायोजन हुनुपर्ने** मूल्य अभिवृद्धि कर ऐन, २०५३ बमोजिम मु अ कर विजक जारी गरेका संस्थासंग कारोबार गर्दा मु अ कर १३% को ३० %कट्टी गरि कार्यालयले सोझै राजश्व खातामा दाखिला गर्नुपर्छ । पालिकाले सम्फना सर्जरिकल्स एण्ड सप्लायर्स (VAT No ६००२६०२३७) लाइ ३० प्रतिशतले हुन आउने रकम रु १७१८० कट्टी नगरि पुरै रकम भुक्तानि गरेकोमा भ्याट समायोजन पत्र पेश हुनुपर्ने अन्यथा असूल ।	
९०	२०७९।१२।१३	**मू अ कर समायोजन हुनुपर्ने** मूल्य अभिवृद्धि कर ऐन, २०५३ बमोजिम मु अ कर विजक जारी गरेका संस्थासंग कारोबार गर्दा मु अ कर १३% को ३० %कट्टी गरि कार्यालयले सोझै राजश्व खातामा दाखिला गर्नुपर्छ । पालिकाले प्रज्ञान डिजिटल स्मार्ट एजुकेशन प्रा लि नयाँ बानेश्वर काठमाडौं (VAT No ६१०३६८५८१) लाइ ३० प्रतिशतले हुन आउने रकम रु १३८०५ कट्टी नगरि पुरै रकम भुक्तानि गरेकोमा भ्याट समायोजन गरेको पत्र पेश हुनुपर्ने अन्यथा असूल ।	
१०५		**प्रमाण पेश नभएको** चेतना खबर मिडियालाइ भुक्तानि रु १0000 संस्थाले पेश गरेको विल भरपाइ राख्नुपर्ने ।	
१८१		दोहोरो दैनिक भ्रमण भत्ता भुक्तानि	३२३५

2

केदारस्यूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्या[illegible]
देउरा,बझाङ
[illegible]रपश्चिम प्रदेश,नेपा[illegible]

<table>
<tr><td></td><td></td><td></td><td>परिवार नियोजन शिवीर सन्चालन कार्यक्रममा नवराज जोशीले एउटै मितिमा दोहोरो पर्ने गरि दैनिक भ्रमण भत्ता भुक्तानि लिएको रकम असूल रु ३२३५ ।</td><td></td></tr>
<tr><td></td><td>२०८</td><td>२०८०।३।२१</td><td>मू अ कर समायोजन हुनुपर्ने
मूल्य अभिवृद्धि कर ऐन, २०५३ बमोजिम मु अ कर विजक जारी गरेका संस्थासंग कारोवार गर्दा मु अ कर १३% को ३० %कट्टी गरि कार्यालयले सोझै राजश्व खातामा दाखिला गर्नुपर्छ । रत्न मा बि पाउटाले बिज्ञान प्रयोगशालाका सामाग्री खरिद गर्दा पेश गरेका मु अ कर बिजकमा ३०% ले कट्टी गर्नुपर्ने रकम कट्टी नगरी पुरै रकम भुक्तानि भएको हुदा उक्त रकम बराबरको भ्याट समायोजन पत्र पेश हुनुपर्ने ।
<table><tr><td>संस्थाको नाम</td><td>प्यान नम्बर</td><td>३०% बापतको रकम</td></tr><tr><td>चौलानी पुस्तक भण्डार</td><td>६०६५२२६०१</td><td>१७६०४</td></tr><tr><td>क्वालिटी ट्रेड एण्ड सप्लायर्स धनगढी</td><td>६०८२१४५२४</td><td>३४५०</td></tr></table></td><td></td></tr>
<tr><td></td><td>२३४</td><td>२०८०।३।२३</td><td>पदाधिकारी सुविधा असूल
स्थानीय तहका पदाधिकारीको सेवा सुविधा सम्बन्धि ऐन, २०७६ अनुसूची १(ङ) को बुदा नं ५ मा पदाधिकारीहरुलाइ आफ्नो पालिकाभित्रका क्षेत्रमा भ्रमण गर्दा दैनिक भ्रमण भत्ता बापतको रकम भुक्तानि गर्न नसकिने व्यहोरा स्पस्ट पारेको छ तर नयाँ आलु पकेट सन्चालन कार्यक्रममा वडा नं ३ का वडाअध्यक्ष बीर बहादुर खातीले सोहि वडाको तलबाडा क्षेत्रमा भ्रमण गरि बुझेको रकम रु ८६५० ।</td><td>८६५०</td></tr>
<tr><td></td><td></td><td></td><td>गाउँपालिका चालु</td><td></td></tr>
<tr><td></td><td>८</td><td>२०७९।६।१२</td><td>घरभाडा सम्झौता
गा पा ले कार्यालय प्रयोजनका लागि इन्द्रजित भण्डारीसंग लिएको घरभाडा बापतको रकम भुक्तानि रु १४६७०० । गा पा र घरधनी विच भएको घर भाडामा लिनेदिने सम्बन्धि सम्झौता पेश गर्नुपर्ने ।</td><td></td></tr>
<tr><td></td><td>९</td><td>२०७९।६।१२</td><td>घरभाडा सम्झौता
गा पा ले कार्यालय प्रयोजनका लागि इन्द्र बहादुर भण्डारीसंग लिएको घरभाडा बापतको रकम पेश्कि रु ४६२००० । गा पा र घरधनी विच भएको घर भाडामा लिनेदिने सम्बन्धि सम्झौता पेश गर्नुपन</td><td></td></tr>
<tr><td></td><td>१४</td><td>२०७९।६।१३</td><td>कर दाखिला हुनुपर्ने
आयकर ऐन, २०५८ को दफा ८८ र ८९ बमोजिम कुनै पनि व्यक्ति र फर्मलाइ भुक्तानि गर्दा कर बिजकमा १।५ प्रतिशतका दरले अ आ कर कट्टी गरी भुक्तानि गर्नुपर्ने व्यवस्था छ तर नमादेउ डिजल सेन्टरले पेश गरेको जम्मा रु ७१२०० बराबरको बिलमा कर कट्टी नगरेको रकम रु १०६८ ।</td><td>१०६८</td></tr>
<tr><td></td><td></td><td></td><td>जरीवाना बापतको रकम भुक्तानी :
सार्वजनिक खर्चलाइ मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धि मापडण्ड, २०७८ दफा १५(१) रकम बिनियोजन भएको अवस्थामा धारा तथा बिजुलीको महसुल समयमा भुक्तानि नगरी जरीवाना</td><td></td></tr>
</table>

केदारस्यूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय देउरा,बझाङ सुदूरपश्चिम प्रदेश,नेपाल

<table>
<tr><td></td><td></td><td></td><td>तिर्न नपर्ने गरि भुक्तानि गर्नुपर्ने हुन्छ तर कार्यालयले विभिन्न समयमा सो बापतको बक्यौता रु १३७९२।८० तिरेको छ। यस तर्फ कार्यालय गम्भीर हुनु जरुरी छ।
<table>
<tr><td>भौ र मिति</td><td>जरीवाना प्रतिशत</td><td>रकम</td></tr>
<tr><td>३४,२०७९।७।३</td><td>२५</td><td>१९७३।२०</td></tr>
<tr><td>६३०,२०८०।३।२१</td><td>२५</td><td>११८१९।६०</td></tr>
</table></td><td></td></tr>
<tr><td></td><td>४७</td><td>२०७९।७।४</td><td>रितपूर्वकको कर विजक
मूल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा १४ वमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसंग तोकिएको ढाँचाको कर विजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ। हाम्रो आफ्नो ट्रेड एण्ड सप्लायर्सलाई कार्यालय सामान खरिद बापत रकम भुक्तानि रु ९०१७४। फोटोकपी विल पेश भएकोमा सक्कल विल संलग्न राख्नुपर्ने।</td><td></td></tr>
<tr><td></td><td>९९</td><td>२०७९।८।२६</td><td>मु अ कर कम कट्टी
भि एस निर्माण सेवा भ्याट नं ६०८२८९५६२ ले गा पा अन्तर्गतका विभिन्न सडक सफाइ गर्दा जम्मा समय घण्टा ५८६।९० प्रति घण्टा रु ३५०० का दरले हुन आउने जम्मा रु २०५४१५० को १३ प्रतिशत रु २६७०३९।५० को ३० प्रतिशतले हुन आउने रु ८०११२ कट्टी गरि बाँकि रकम भुक्तानि हुनुपर्नेमा जम्मा रु ७१०९१ मात्रै कट्टी गरेको पाइयो यसरी कम कट्टी गरेको रकम रु ९०२१ निजबाट असुल हुनुपर्ने।</td><td>९०२१</td></tr>
<tr><td></td><td>१११</td><td>२०७९।८।२७</td><td>विमा तथा नवीकरण शिर्षकबाट गाउँपालिका राष्ट्रिय महासंघलाइ वार्षिक सदस्यता नवीकरण बापत रु २०००० भुक्तानि हुनुपर्नेमा गा पा अध्यक्ष गणेश बोहरालाइ बैंक मार्फत भुक्तानि भएको देखियो। उक्त रकम गाउँपालिका राष्ट्रिय महासंघलाई भुक्तानी भएको प्रमाण पेश गर्नुपर्ने।</td><td></td></tr>
<tr><td></td><td></td><td></td><td>कर विजक जारी नगरेको : मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ मा दर्ता भएको व्यक्तिले रित पूर्वकको कर विजक जारी गर्नुपर्ने व्यवस्था छ भने दफा २९ मा कर विजक जारी नगर्नेलाई डण्ड सजायको व्यवस्था छ। जे सि वि , डोजर , ब्रेकर संचालकहरुले उपभोक्ता समितिसंग भुक्तानि लिदा कर विजक जारी नगरी भुक्तानी भएका व्यहोरा सम्वन्धित आन्तरीक राजश्व कार्यालयलाइ दिनु पर्दछ।
<table>
<tr><td>भौ न। मिति</td><td>डोजरमालिक वा संचालक</td><td>योजना</td><td>रकम</td></tr>
<tr><td>११२,२०७९।८।२७</td><td>लक्ष्मण भण्डारी</td><td>चिल दुङ्गा गजेरापानी किडियाम हुदै पल्टेखानी उ स</td><td>२४००००</td></tr>
</table></td><td></td></tr>
<tr><td></td><td>११५</td><td>२०७९।८।२९</td><td>विल पेश नभएको
विजय हार्डवेयरलाइ वडा नं. ३ को लागि पाइप खरिद रकम रु ९७५७६ भुक्तानि। पाइप खरिद गरेको विल पेश गर्नुपर्ने साथै खरिद गरिएको सामानको जिन्सी दाखिला हुनुपर्ने।</td><td></td></tr>
<tr><td></td><td>१५३</td><td>२०७९।९।२६</td><td>मू अ कर समायोजन हुनुपर्ने
मूल्य अभिवृद्धि कर ऐन, २०५३ वमोजिम मु अ कर विजक जारी गरेका संस्थासंग कारोबार गर्दा मु अ कर १३% को ३० %कट्टी गरि कार्यालयले सोझै राजश्व खातामा दाखिला गर्नुपर्छ। ईन्जिनियर ललित बहादुर मल्लले मिश्रा</td><td>१६८८</td></tr>
</table>

केदारस्यूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देउरा,बझाङ
सुदूरपश्चिम प्रदेश,नेपाल

CamScanner

<table>
<tr><td></td><td></td><td>प्रिन्टर्स करदाता नं ३०१०९५६१५ बाट खरिद गरेको विभिन्न साइजका एम बि बुक जम्मा रु ४१३५० को १३ प्रतिशतको ३० प्रतिशतले हुन आउने रकम रु १६८८ कट्टी गरि बाँकि रकम भुक्तानि हुनुपर्नेमा पुरै रकम भुक्तानि भएको यसरी कट्टी हुनुपर्ने रकम सम्वन्धितबाट असूल गरि त्यसको सूचना आन्तरीक राजश्व कार्यालयलाइ दिनुपर्छ । विभिन्न साइजका एम बि बुक</td><td></td></tr>
<tr><td>१५६</td><td></td><td>आ व २०७८।७९ को सेकुरजाडा सडक मर्मत बापत अ आ कर दाखिला रु १२६३२७ । बैक दाखिला गरेको प्रमाण पेश हुनुपर्ने ।</td><td></td></tr>
<tr><td>१७१</td><td>२०७९।१०।१७</td><td>विल भन्दा वढी भुक्तानि
वडा नं ९ को वडा कार्यालय शौचालय निर्माण उ स लाइ प्राविधिकले भुक्तानिका लागि सिफारिस गरेभन्दा वढी रकम भुक्तानि रु १३७० । सम्वन्धित उपभोक्ता समितिसंग असूल हुनुपर्ने ।</td><td>१३७०</td></tr>
<tr><td>२३८</td><td>२०७९।११।१६</td><td>शिर्षक फरक पारी भुक्तानी
केदारस्युँ २ बजुवावगर बस्ने सिता कुमारी विष्ट (रावल) लाई अविरल बर्षाको कारण बगाएको पसल क्षति रकम रु ३०००० भुक्तानि । विपद व्यवस्थापन कोष शिर्षकबाट भुक्तानि हुनुपर्नेमा शिर्षक फरक पारी नवप्रवर्द्धन कार्यक्रमका लागि समपुरक अनुदान शिर्षकबाट खर्च लेखेको रकम ।</td><td></td></tr>
<tr><td>२७६</td><td>२०७९।११।३०</td><td>चाडपर्व खर्च २ पटक भुक्तानि
जनप्रतिनिधिको सेवा सुविधा शिर्षकबाट वडा नं २ का वडाध्यक्ष शेर वहादुर विष्टलाइ भौ ७ र भौ नं २७६ बाट चाडपर्व वापतको रकम दुई पटक भुक्तानी भएको पाइयो । यसरी एउटै सुविधा दोहोरो हुने गरि भुक्तानि भएको रकम असूल हुनुपर्ने रु १६००० ।</td><td>१६०००</td></tr>
<tr><td></td><td></td><td>शुभकामना सन्देश
आलेप कार्यविधि निर्देशिका को दफा ३.२.१६(छ) कार्यालयको वजेटबाट शुभकामना सन्देश दिन नपाउने । सार्वजनिक खर्चलाइ प्रभावकारी तथा मितव्ययी बनाउने सम्बन्धि मापदण्ड, सरकारी खर्चमा शुभकामना कार्ड छपाइ गर्न तथा शुभकामना सन्देश प्रकाशन वा प्रसारण गर्न नपाइने व्यवस्था गरेकोमा कार्यालयले तपसिल बमोजिमका संचार समूहलाइ रु ११००० भुक्तानी गरेको पाइयो । कानूनले बन्देज गरेका विषयमा खर्च नियन्त्रण हुनुपर्दछ ।
<table>
<tr><td>गो मिति</td><td>प्रकासक वा एफ एम</td><td>रकम</td></tr>
<tr><td>२७९,२०७९।१२।१</td><td>रेडियो नेपाल दिपायल</td><td>५०००</td></tr>
<tr><td>३९४,२०८०।१।२०</td><td>सत्यवादी संचार गृह</td><td>६०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>३०१</td><td>२०७९।१२।१३</td><td>कर रकम दाखिला हुनुपर्ने
प्रहरी चौकिको लागि सामान खरिद गरि ना शु धनराज जोशीले पेश गरेको Yes Computers and Suppliers Dhangadhi 4 PAN No 604852854 को बिल रकम रु २७०००० को १३ प्रतिशतको ३० प्रतिशत रु १०५३० बराबरको मू अ कर कट्टी नगरी भुक्तानी भएको देखियो । भ्याट समायोजन गरेको पत्र पेश हनपर्ने ।</td><td>१४५८०</td></tr>
</table>

केदारस्युँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय देउरा,बझाङ सुदूरपश्चिम प्रदेश,नेपाल

CamScanner

<table>
<tr><td></td><td>३०७</td><td>२०७९।१२।१३</td><td>जनप्रतिनिधिहरुको सेवा सुविधा सम्बन्धि ऐनमा वडाध्यक्षहरुको दैनिक भ्रमण भत्ता वापत प्रतिदिन रु १२०० भुक्तानी हुने व्यवस्था गरेको छ तर वडाअध्यक्ष शेर बहादुर विष्टले प्रति दिनको रु १३२० राखि भुक्तानी लिएको पाइयो । यसरी नर्म्स विपरीत लिएको भुक्तानी रकम असूल हुनुपर्ने रु १५०० ।</td><td>१५००</td></tr>
<tr><td></td><td>३१३</td><td>२०७९।१२।१४</td><td>मू अ कर रकम असूल
इन्जिनियर ललित बहादुर मल्लले कार्यालय प्रयोजनको लागि खरिद गरि ल्याएका विभिन्न सामाग्रीको भुक्तानीमा मू अ कर कट्टी गरिएको नदेखिएको ।
<table>
<tr><td>सप्लायर्सको नाम</td><td>भ्याट नम्बर</td><td>रकम</td></tr>
<tr><td>इन्टेल कम्प्युटर सेन्टर धनगढी</td><td>३०४३४१५६८</td><td>५६७२</td></tr>
<tr><td>जयमाता मनकामना सप्लायर्स</td><td>६००७७१२८३</td><td>१६५७</td></tr>
</table></td><td>७३२९</td></tr>
<tr><td></td><td></td><td></td><td>कागजप्रमाण वेगर भुक्तानी
<table>
<tr><td>भौ मिति</td><td>नामथर</td><td>व्यहोरा</td><td>रकम</td></tr>
<tr><td>३२१</td><td>हरिश वि क</td><td>राहत रकम</td><td>१५०००</td></tr>
<tr><td>३२२</td><td>महेश वि क</td><td>राहत रकम</td><td>८०००</td></tr>
<tr><td>४०९,२०८०।१।२६</td><td>लक्ष्मी मल्ल</td><td>राहत रकम प्रहरी मुचुल्का</td><td>३५०००</td></tr>
</table></td><td></td></tr>
<tr><td></td><td>४१३</td><td>२०८०।१।२६</td><td>अस्वभाविक भुक्तानी : जनचेतना मिडिया हाउसलाई सम्झौता बमोजिम ५०० थान र पेश गरेको बिल बमोजिम ८०० थान शैक्षिक क्यालेण्डर निर्माण गरेबापत रु २९६५१२ निकासा भएको देखियो । सार्वजनिक खरिद ऐन, २०६३ दफा ६ क कार्यालयको दर्ता सूचीमा सूचीकृत फर्म मध्ये बाट काम गराउनुपर्नेमा सो बमोजिम नगरेको र लेखापरीक्षणको क्रममा कार्यालयको तर्फबाट समेत सम्झौता पत्रमा हस्ताक्षर भएको देखिएन । प्रति पाना रु ३२८ भ्याट बाहेकमा छपाई भएको उक्त क्यालेण्डरको मूल्य पनि अस्वभाविक रहेको देखिएकाले यस प्रकारको खर्च नियन्त्रण गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।</td><td></td></tr>
<tr><td></td><td></td><td></td><td>जरीवाना : मो सा नवीकरण गर्दा गत वर्षको वक्यौता वापत तिरेको ।
<table>
<tr><td>सवारी नम्बर</td><td>जरीवाना बापतको रकम</td></tr>
<tr><td>से १ व ८१०</td><td>११००</td></tr>
<tr><td>०१-००१-ब-१७४८</td><td>१७००</td></tr>
<tr><td>०१-००१-ब-१७४७</td><td>१७००</td></tr>
<tr><td>लेखराज रावल</td><td>४००</td></tr>
<tr><td>से १ व ७३५</td><td>९४२०</td></tr>
</table></td><td></td></tr>
<tr><td></td><td>६०५</td><td>२०८०।३।१९</td><td>काज अवधीको वैठक भत्ता :
भ्रमण खर्च नियमावली, २०६४ (११) मा सरकारी कामको सिलसिलामा भ्रमणमा रहि दैनिक भ्रमण भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले सो अवधीभर फिल्ड भत्ता,बैठक भत्ता,तालीम भत्ता,स्थानीय भत्ता वा अन्य कुनै</td><td>४२५०</td></tr>
</table>

कैदारस्यूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देउरा, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

			किसिमको भत्ता नपाउने विषय उल्लेख गरेको छ । वडा सचिव रोशन खडायतले एउटै मितिमा वडा बैठक र दैनिक भ्रमण भत्ता बुझेको देखियो । यसरी एउटै समयमा दोहोरो पर्ने गरि भएको भुक्तानी रकम असूल हुनुपर्ने ।	६२१२
	७२७		अग्रीम कर आयकर ऐन, २०५८ को दफा ८८ र ८९ बमोजिम कुनै पनि व्यक्ति र फर्मलाइ भुक्तानि गर्दा कर विजकमा १५ प्रतिशतका दरले अ आ कर कट्टी गरी भुक्तानि गर्नुपर्ने व्यवस्था छ तर सेती नदी डाइभर्सन गर्ने क्रममा विजय कन्सट्रक्सनको डोजर प्रयोग भई भ्याट बाहेकको मूल्य रु ४१४१५९ मा अग्रीम आयकर बापत रु ६२१२ कट्टी गरी भुक्तानी हुनुपर्नेमा सो नभएकोमा भ्याट समायोजन भएको पत्र पेश हुनुपर्ने अन्यथा असूल ।	
			गाउँपालिका पूँजिगत तर्फ	
			कर बिजक जारी नगरेको : मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ मा दर्ता भएको व्यक्तिले रित पूर्वकको कर विजक जारी गर्नुपर्ने व्यवस्था छ भने दफा २९ मा कर बिजक जारी नगर्नेलाई डण्ड सजायको व्यवस्था छ । जे सि वि , डोजर , ब्रेकर संचालकहरुले उपभोक्ता समितिसंग भुक्तानि लिदा कर बिजक जारी नगरी भुक्तानी भएका व्यहोरा देखिएको हुँदा कार्यालयले भ्याट समायोजन गरेको विवरण पेश गर्नुपर्ने ।	

भौ न । मिति	डोजरमालिक वा संचालक	योजना	रकम
१७,२०७९।१०।१७	खडक बहादुर वोहरा	ढोडेखेत गण्डकी लोतु दहसैन सडक	१४२२६३९।५६
३२,२०७९।११।१७	राम बहादुर थापा मगर	बगडी समरकाँडा देखि वडा कार्यालयसम्म शाखा रोड	९०४७१४।१५
३३,२०७९।११।१७	प्रकाश साउँद	दहसैन जसुडा सडक	४०१६७९।३९
३५,२०७९।११।१९	प्रकाश साउँद	देउरा मैतोली डाफु सडक उ स	८९०६१४।६२
४०,२०७९।१२।१३	नाम उल्लेख नभएको	सेकु रजाडा लोतु सडक	१८४६९६०।०५
४५,२०७९।१२।२९	लक्ष्मण भण्डारी	बागथला बखेत भाटसैन सडक	२७५०००
५४,२०८०।१।२६	लक्ष्मण भण्डारी	सिम डुडील कनाडा सडक	९८४३६४।८८
५५,२०८०।२।१	दमन कुँवर	सैन्स्युँ बाँफ सडक निर्माण	७९२९५०।२
८४,२०८०।३।१०	पुस्कर मल्ल	बागथला कोटीगाउँ हुँदै वडा कार्यालय सडक	२०३२९५२

केदारस्युँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देउरा, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

११४,२०८०।३।२२	लक्ष्मण भण्डारी	धामीलेख ज्याडा खाती विनमडा सडक निर्माण	५४८२६५ १०१००१३९।८५
जम्मा			

	८	२०७९।७।२५	जिन्सी आम्दानी नभएको आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ परिच्छेद १० मा तोकिएको ढाँचामा जिन्सी मालसामानहरुको आम्दानी र खर्चको अभिलेख राख्नुपर्ने व्यवस्था छ । तर ना प्रा स्वा अनिता बम्मले खरिद गरेको जम्मा रु २७९८६० बराबरको विउ विजन र किटनासक मालसामानको लेखा परीक्षणको समयमा पनि स्टोर दाखिला गरी आम्दानी जनाएको नपाइएको ।	
	१२५	२०८०।३।२४	नर्म्स भन्दा बढी दरमा भुक्तानी सु प प्रदेशका स्थानीय तहका पदाधिकारीको सेवा सुविधा सम्बन्धि ऐन, २०७६ मा कार्यपालिका सदस्य तस्वीर वि क लाई विभिन्न शिर्षकमा मासिक रु १३००० पारिश्रमिक बापत भुक्तानी गर्न सकिने व्यवस्था छ तर कार्यालयले निजलाई होटेलको विल संलग्न राखि रु २७४०० अथिती सत्कार बापतको रकम भुक्तानी गरेको देखियो । यसरी काननले व्यवस्था गरे भन्दा फरक किसिमले गरिएको खर्च सम्वन्धितवाट हुनुपर्दछ ।	२७४००
	१३२	२०८०।३।३०	उर्जा उपसमिती भत्ता उर्जा विकास उप समितीको गठन तथा सन्चालन कार्यविधि, २०७८ परिच्छेद २ मा समितीमा रहने सदस्यका बारे उल्लेख छ । जुन निम्नानुसार छ । कार्यपालिका सदस्य १ जना : सदस्य समानुपातिक समावेशीताको आधारमा छनौट ४ देखि ६ जना : सदस्य उपाध्यक्ष,पूर्वाधार विकास समितीको संयोजक र प्र प्र अधिकृत : सल्लाहाकार नियमको प्रतिकूल हुने गरि समितीका सदस्यलाई भत्ता भुक्तानी भएको रकम असूल गरि दाखिला गर्नुपर्ने	१६७००

नामथर	रकम
विर वहादुर भण्डारी	३४००
गणेश वहादुर वोहरा	३४००
शिवराज भण्डारी	८५०
राजेन्द्र प्रसाद भट्ट	१७००
लाल वहादुर भण्डारी	८५०
शेर वहादुर विष्ट	१७००
कवि भण्डारी	८५०
नर वहादुर खडायत	२२५०
विर वहादुर खाती	१७००

गाउँ कार्यपालिकाको कार्यालय ... बभाङ ... नेपाल

			जम्मा	२१८००
			ससर्त पूँजिगत	
	२२	२०८०।१।२६	जिन्सी दाखिला नभएको : आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ परिच्छेद १० मा तोकिएको ढाँचामा जिन्सी मालसामानहरुको आम्दानी र खर्चको अभिलेख राख्नुपर्ने व्यवस्था छ । तर कार्यालयले खरिद गरेको भ्याक्सीन फ्रिज मूल्य रु ३९९९०७ जिन्सी दाखिला गरेको नदेखिएको ।	
	३२	२०८०।३।४	मू अ कर समायोजन ICT LAB तथा व्यवस्थापन खर्च बापतको रकम श्री सुर्मा भवानी मा वि लाई भुक्तानी जम्मा रु ६५०००० । दिपेश इन्फोसिस धनगढी PAN No 103041483 को बिल रकम रु ५३०९७३।४६ को १३ प्रतिशतको ३० प्रतिशत अर्थात रु ६९०२६।५४ बराबरको मू अ कर कार्यालयले कट्टी गरि सोहि फर्मको नाम बाट जम्मा गरी सो को जानकारी आन्तरीक राजश्व कार्यालयलाई दिनुपर्ने व्यवस्था भएकोमा भ्याट कट्टी नगरि पुरै रकम भुक्तानी भएको देखिएकोले भ्याट समायोजन पत्र पेश गर्नुपर्ने ।	
			विविध खर्च खाता	
	२	२०७९।१०।११	बिल नभएको : आर्थिक कायविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ नियम ३९,५६ र ५७ तथा नेपाल सरकारको लेखा निर्देशिका २०७३ बमोजिम प्रमाणित पुष्ट्याइको आधारमा लेखा राख्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले ४१ वटा विद्यालयमा ब्रोडव्याण्ड इन्टरनेट जडान गरि रु ३०२९९०० बराबरको बिल नराखी भुक्तानी गरेकोमा बिल संलग्न राख्नुपर्ने ।	

गिरीराज उप्रेती
आन्तरीक लेखापरीक्षक
केदारस्युँ गा पा देउरा, बझाग ।

केदारस्युँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देउरा,बझाङ
सुदूरपश्चिम प्रदेश,नेपाल

CamScanner